# माली/रनर/मेस्तर/सरसफाईकर्मी तथा अन्य सेवा करारमा लिने सम्बन्धी प्रस्ताव

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,

# मधेश प्रदेश, जनकपुरधाम धनुषा ।

प्रस्ताव जारी मितिः२०८३।०६।१३

प्रस्ताव जारि गरिएको: सम्पुर्ण योग्य प्रस्तावदाताहरुलाई

प्रस्ताव नं. MIHS/NCB/CL/2083-084/02

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,

मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

Single Stage : Double Envelop (1S2E)

माली/रनर/मेस्तर/सरसफाईकर्मी तथा अन्य सेवा करारमा लिने सम्बन्धी प्रस्ताव

प्रस्ताव नं. MIHS/NCB/SG/2083-084/02

**प्रथम पटक प्रकाशित मितिः २०८३।०६।१३**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रादेशिक अस्पताल जनकपुर, मणिपाल, मनिमण्डपका कम्पाउण्ड लगायत यस प्रतिष्ठानका अन्य कम्पाउण्डहरुमा समेत सरसफाई तथा बाग-बगैचामा नयाँ फलफुल लगाउने र भएका बोटाहरुको रेखदेख तथा संरक्षणको कार्य गर्न रनर,माली,क्लिनर आवश्यक रहेको हुँदा अन्य सेवाबाट रनर,माली,क्लिनर सेवा करारमा लिनुपर्ने भएकोले श्रम तथा व्यवसायजन्य विभागबाट सो सेवा प्रदान गर्न इजाजत प्राप्त योग्य तथा ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले प्रस्ताव पेश गर्न यो प्रस्ताव आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले यस सम्बन्धी थप जानकारीको लागि वा प्रस्ताव सम्बन्धी कागजातहरु अध्ययन गर्न चाहेमा यस प्रतिष्ठानमा सम्पर्क राख्न सक्नेछन् वा यस प्रतिष्ठानको वेवसाईट mihs.edu.np मा प्रस्ताव सम्बन्धि कागजात हेर्न सकिनेछ ।

२. प्रस्ताव सम्बन्धी कागजातको फारम (BOQ) दस्तुर रु.३०००/०० (पछि फिर्ता नहुने) निम्न बैंकको खातामा जम्मा गर्नु पर्नेछः

**बैंकको नाम** : लक्ष्मी सनराइज बैंक लि. जनकपुर ।
**कार्यालयको नाम** : मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम ।
**कार्यालय कोड नं.**: ३७०००१७०२२
**कार्यालय खाता नं.**: १६८१६९९५३६०११९०१
**राजस्व शीर्षक नं.**: १४२२९

३. प्रस्तावको मान्य अवधि ९० (नब्बे) दिन हुनेछ । प्रस्ताव पेश गर्दा प्रस्ताव साथ वाणिज्य बैक वा वित्तीय संस्थाबाट जारी भएको प्रस्ताव पेश गर्ने अन्तिम मिति देखि कम्तिमा एक सय बिस दिनको मान्य अवधि भएको रु.२,५०,००० (अक्षेरुपी दुइ लाख पच्चास हजार मात्र) को निशर्त बैक जमानत पेश गर्नु पर्नेछ ।

**नगद रकम जम्मा गर्ने बैंक खाताको विवरण** :
**खाता नं.**: १६८१६९९५४००११९०३
**खातावालाको नाम** : मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम ।
**बैंकको नामः** लक्ष्मी सनराइज बैंक लि.जनकपुरधाम ।
**कार्यालयको नामः-** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम ।
**कार्यालय कोड नं.**: ३७०००१७०२२

४. ईच्छुक प्रस्तावदाताले यस प्रतिष्ठानको कार्यालय जनकपुरधाममा मिति २०८३।०७।११ गते दिनको १२:०० बजे भित्र आफनो प्रस्ताव दाखिला गर्नु पर्नेछ । दाखिला भएका प्रस्तावहरु सोही दिन दिनको २:०० बजे उपस्थित हुन चाहने प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावदाताको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन । सो दिन विदा परे सो बिदा पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा प्रस्ताव खोलिनेछ ।

५. प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित सेवाको कार्य क्षेत्रगत शर्त र कार्य विवरण, प्रस्ताव साथ पेश गर्नु पर्ने न्युनतम कागजातहरु तथा सेवा शुल्क भुक्तानीको तरिका अध्ययन गरी पेश गर्नु पर्नेछ ।

६. बोलपत्र पुर्व बैठक

७. मितिः-२०८३।०६।२९ गते दिनको २:०० बजे

स्थानः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम |

प्रस्ताव सम्बन्धी अन्य सेवा र शर्तहरु प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस प्रतिष्ठानमा निहित रहनेछ ।

८. अन्य कुराहरुको हकमा प्रचलित श्रम ऐन र नियमावली, सार्वजनिक खरिद ऐन २०६३ संशोधन सहित, सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहित र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली अनुसार हुनेछ ।

९. कुनै विवाद उत्पन्न भएमा प्रतिष्ठानको निर्णय नै अन्तिम हुनेछ ।

**भाग क**

रनर,माली,क्लिनर सेवाकालागि कार्यगत शर्त तथा कार्य विवरण (Terms of Reference - ToR)

## १. पृष्ठभूमि

स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन, अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको माध्यमबाट दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले मधेश प्रदेश सरकारद्वारा मिति २०७७ मा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको हो। प्रतिष्ठानको केन्द्रीय कार्यालय जनकपुरधाममा रहेको छ।हाल प्रतिष्ठान अन्तर्गत स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन भइरहेका छन । यस प्रतिष्ठानबाट

दैनिक करिब २००० सेवाग्राहीहरु सेवा लिने गरेका र करिब ७०० जना सेवा प्रदायकहरु कार्यरत रहेका छन | यस प्रतिष्ठान अन्तर्गत अस्पताल, अनुसन्धान केन्द्र, कलेजहरू, परीक्षा नियन्त्रण कार्यालय, प्रयोगशाला लगायतका संरचना तथा अन्य भौतिक संरचनाहरू सञ्चालनमा रहेका छन् | सम्पूर्ण सम्पत्ति , संरचना तथा कम्पाउण्डको सरसफाई, तथा शौन्द्रयीकरण अत्यावश्यक भएको छ।

यसै आवश्यकता अनुशार रनर, माली, क्लिनर सेवा करारमा सञ्चालन गर्न यो कार्यगत शर्त तथा कार्य विवरण (ToR) तयार गरिएको हो।

## २. उद्देश्य :

यस रनर, माली, क्लिनर सेवाको मुख्य उद्देश्यहरू निम्न छन्:

- प्रतिष्ठान अन्तर्गतका सबै भौतिक संरचना, कम्पाउण्डको सरसफाई तथा शौन्द्रयीकरण सुनिश्चित गर्नु
- कर्मचारी, विद्यार्थी तथा सेवाग्राहीहरूकोलागि रमणिय वातावरणको प्रत्याभूति गर्नु
- आपतकालीन अवस्था (आगजनी, दुर्घटना, भीड व्यवस्थापन आदि) मा सहयोग गर्नु
- प्रतिष्ठानको वातावरण शान्त, सुरक्षित,रमणिय र वातावारण मैत्री बनाउनु हो

## ३. सेवा सञ्चालन स्थान :

सेवा प्रदायकले सेवा प्रतिष्ठान अन्तर्गत निम्न स्थानहरूमा उपलब्ध गराउनु पर्नेछः

- प्रतिष्ठानको केन्द्रीय कार्यालय, जनकपुरधाम
- प्रादेशिक अस्पताल, जनकपुरधाम
- कलेज तथा शैक्षिक भवनहरू
- अनुसन्धान केन्द्र

- परीक्षा नियन्त्रण कार्यालय तथा फार्मेसी/ल्याब
- प्रतिष्ठानले तोकेको अन्य स्थानहरू

## ४. आवश्यक जनशक्ति र कार्य गर्नु पर्ने स्थानको विवरण :

| क्र.सं. | जनशक्तिको विवरण | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | क्लिनर/माली/हेल्पर/मेस्तर समेत | ३० | |

कार्य गर्नु पर्ने स्थान : प्रतिष्ठानले तोकेको स्थानहरु ( प्रादेशिक अस्पताल जनकपुरधाम, मणिपाल र मनिमंड़प लगायत प्रतिष्ठानको आवश्यकता अनुसार अन्य स्थान समेत )

## ५. जनशक्तिको न्यूनतम योग्यता

- नेपाली नागरिक हुनुपर्ने
- कम्तीमा सामान्य लेखपढ गर्न जान्ने ( नेपाली र अंग्रेजी भाषामा नामहरु पढ्न र लेख्न सक्ने )
- उमेर २१ वर्ष पूरा भई ५८ वर्ष ननाघेको
- अनुशासित, इमानदार, जिम्मेवार तथा कर्तव्यनिष्ठ
- नेपाली र सामान्य अंग्रेजी भाषा बुझ्न र प्रयोग गर्न सक्ने
- स्वस्थ्य (निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने)

## ६. सेवा सञ्चालन शर्तहरू :

- सेवा प्रदायकले आवश्यकता अनुसारको शिफ्ट प्रणालीमा सेवा दिनुपर्ने

- हाजिरी रेकर्ड अनिवार्य रूपमा व्यवस्थित गरी मासिक रूपमा प्रमाणित गरी पेश गर्नुपर्ने
- सम्पूर्ण जनशक्तिलाई पोशाक, परिचयपत्र तथा आवश्यक सामग्री उपलब्ध गराउनुपर्ने
- सबै कर्मचारीलाई बैंक खाता मार्फत पारिश्रमिक भुक्तानी गर्नुपर्ने
- सामाजिक सुरक्षा कोष (SSF) तथा प्रचलित कानुन अनुसार योगदान सुनिश्चित गर्नुपर्ने
- आवश्यक परेमा तत्काल वैकल्पिक जनशक्ति उपलब्ध गराउनुपर्ने
- सेवा गुणस्तर सन्तोषजनक नभएका सेवाकर्मीलाई ३ दिनभित्र प्रतिस्थापन गर्नुपर्ने
- कार्यालयको अनुमति बिना स्थानान्तरण गर्न नपाइने

## ७. कार्य विवरण (**Duties & Responsibilities)**

क्लिनर/माली/हेल्पर/मेस्तरले निम्न कार्यहरू अनिवार्य रूपमा गर्नुपर्नेछः

क) क्लिनर : १) वार्ड, कम्पाउण्ड लगायत भौतिक संरचनाहरुको नियमित सरसफाई गर्ने ।

ख) माली : १) प्रतिष्ठानका कम्पाउण्डहरुको सरसफाई , बगैचा लगाउने , शौन्दर्यीकरण गर्ने इत्यादी ।

ग) हेल्पर : १) कार्यालयको सरसफाई, gardening, **तथा अन्य कार्यमा सहयोग गर्ने ।**

घ) **मेस्तर : चर्पी तथा नुहाउने स्थानहरु लगायतका अन्य स्थानहरुको सरसफाई गर्ने ।**

यी माथिका कार्यहरु लगायत कार्यालयले लाए अर्हाएका ती पदका सेवा संग सम्बन्ही अन्य कार्यहरु

## ७.१ सामान्य सुरक्षा कार्य

- आफु कार्य गरिरहेको स्थानमा निगरानी राख्ने

- अनधिकृत व्यक्तिको प्रवेश रोक्ने
- सम्पत्ति, उपकरण तथा भवनहरूको रेखदेख गर्ने

७.२ निगरानी तथा रिपोर्टिङ

- CCTV तथा सुरक्षा उपकरणहरूको निगरानी गर्ने
- शंकास्पद गतिविधि देखिन आएमा तुरुन्त सम्बन्धित निकायलाई जानकारी गराउने

७.३ आपतकालीन व्यवस्थापन

- आगलागी, दुर्घटना, वा दैबी प्रकोप तथा अन्य आपतकालीन अवस्थामा तुरुन्त प्रतिक्रिया दिने
- आपतकालीन समयमा सेवाग्राहीहरुलाई आवश्यक सहयोग गर्ने
- आवश्यक परेमा अस्पताल प्रशासन/ब्यबस्थापकसँग समन्वय गर्ने

७.४ प्रशासनिक सहयोग

- कार्यालय खोल्ने तथा बन्द गर्ने कार्यमा सहयोग गर्ने
- पार्किङ व्यवस्थापन तथा यातायात नियन्त्रण गर्ने
- कार्यालय परिसरको सरसफाइ तथा अनुशासन कायम राख्ने

७.५ आचरण तथा व्यवहार

- सेवाग्राही, विद्यार्थी तथा कर्मचारीसँग शिष्ट व्यवहार गर्ने
- कुनै पनि प्रकारको अनुचित गतिविधिमा संलग्न नहुने
- गोपनीयता कायम राख्ने

- मादकपदार्थ, लागूऔषधीको सेवन तथा अन्य अवान्छित गतिबिधि नगर्ने/नगराउने

८. सेवा अवधि

- प्रारम्भिक सेवा अवधिः १ वर्ष
- कार्यसम्पादन सन्तोषजनक भए कार्य अवधि एक पटकमा १ वर्षमा नबढ्ने गरी पटक पटक गरी बढीमा ५ वर्ष सम्मकोलागी म्याद थप (नवीकरण) गर्न सकिनेछ ।

९. पारिश्रमिक तथा भुक्तानी

- पारिश्रमिक नेपाल सरकारद्वारा तोकिएको न्यूनतम श्रम मापदण्ड भन्दा घटी नहुने गरी स्वीकृत कबोल अंकको आधारमा हुनेछ।
- भुक्तानी मासिक रूपमा हाजिरी तथा कार्य विवरणको आधारमा हुनेछ
- सम्पूर्ण भुक्तानी बैंकिङ प्रणालीमार्फत गरिनेछ
- सामाजिक सुरक्षा कोष तथा अन्य कानुनी कटौती लागू हुनेछ
- नियम अनुसारको कर कट्टी गरी भुक्तानी गरिनेछ ।
- ठेकेदार कम्पनीको बैंक खाता मार्फत सेवा खरिद संस्था (म.स्वा.वि.प्र.) ले सेवा सुविधा तलब भत्ता लगायतका अन्य सेवा सुविधा भुक्तानी गर्ने छ ।
- ठेकेदार कम्पनी/फर्मले सेवाकर्मीहरुको बैंक खातामा मासिक तलब/भत्ता लगायतका अन्य सुविधाहरु आफूले प्राप्त गरेको ७ दिन भित्र उपलव्ध गरी सक्नु पर्ने छ ।
- ठेकेदार कम्पनीले सेवाकर्मीहरुलाई भुक्तानी समयमा नदिएमा वा दिन आनाकानी गरेमा सेवा खरिद गरेको संस्थाले सोझै सेवाकर्मीहरुको खातामा

तलब भत्ता लगायतका सेवा सुविधाहरु उपलव्ध गराउन सक्ने छ । यसरी भुक्तानी भएको रकम ठेकदार कम्पनी/फर्मले पाउने जुन सुकै रकम र/वा बिड सेक्युरिटीबाट पनि कट्टा गरिने छ ।

१०. अनुगमन तथा मूल्यांकन :

- प्रतिष्ठानले अनुगमनको लागि तोकेको अधिकारीबाट नियमित रूपमा सेवा अनुगमन गर्ने/गराउने छ ।
- अनुगमन मूल्यांकनको आधार, कार्य सम्पादन र हाजिरी उतार आदि सबैलाई ख्याल राखी भुक्ताने गरिने छ ।
- कार्यसम्पादन सन्तोषजनक नपाएमा सेवा प्रदायकलाई सचेत गराइनेछ र लगातार कमजोरी देखिएमा सम्झौता रद्द गर्न सकिनेछ

११. क्षतिपूर्ति तथा दायित्व

- उपरोक्त सेवा प्रदयाकको लापरवाहीका कारण हुने क्षतिको क्षतिपूर्ति सेवाप्रदायकले यस प्रतिष्ठानलाई व्यहोर्नु पर्नेछ
- प्राकृतिक प्रकोप बाहेक अन्य सबै क्षतिको जिम्मेवारी सेवा प्रदायकको हुनेछ

१२. निष्कर्ष

- यस ToR को उद्देश्य प्रतिष्ठानको समग्र सरसफाई तथा वातावारण शौन्दर्यीकरण प्रणालीलाई प्रभावकारी र व्यवस्थित बनाउनु हो। सेवा प्रदायकले उच्च स्तरको पेशागत दक्षता, अनुशासन र जिम्मेवारीका साथ सेवा प्रदान गर्नु पर्नेछ।

१३.न्युनतम पारिश्रमिकः-

| सि नं | विवरण | मासिक/ प्रति जनशक्ति रु |
|---|---|---|
| १ | आधारभूत पारिश्रमिक | १२,१७०।०० |

| | | |
|---|---|---|
| २ | महंगी भत्ता | ७,३८०।०० |
| ३ | सञ्चय कोषको लागि अनुदान (आधारभूत मासिक पारिश्रमिक को १० प्रतिशत रोजगारदाताले थप गर्नुपर्ने) | १,२१७।०० |
| ४ | उपदान (रोजगारदाताले आधारभुत पारिश्रमिकको ८.३३% थप गर्नु पर्ने) | १,०१३।७६ |
| ५ | सामाजिक सुरक्षा कोषमा योगदान (आधारभुत पारिश्रमिकको १.६७% रोजगारदाताले थप गर्नु पर्ने) | २०३।२४ |
| ६ | घर बिदा (२० दिन काम गरे बापत १ दिनको दरले पारिश्रमिक) | ७०२।१२ |
| ७ | बिरामी बिदा (बार्षिक १२ दिन पारिश्रमिक) | ४६८।०८ |
| ८ | चाडपर्व खर्च (प्रत्येक बर्ष १ महिनाको आधारभूत पारिश्रमिक बराबर) | १०१४।१७ |
| ९ | ४ वटा साप्ताहिक बिदा थप | २,८०८।४८ |
| १० | बार्षिक पु.१३/म.१४ दिन सार्वजनिक बिदा बापत मासिक रु | ७६०।६३ |
| | **जम्मा न्युनतम पारिश्रमिक** | २७,७३७।४८ |

नोटः- यो पारिश्रमिक नेपाल सरकार श्रम ऐन २०७४ तथा नियमावली २०७५ बमोजिम उल्लेख गरिएको छ | नेपाल सरकार/ प्रदेश सरकारले नयाँ दररेट कायम गरेमा सोहि अनुसार हुनेछ

## "भाग ख"

## प्रस्ताव तयार गर्नको लागि प्रस्तावदातालाई जानकारी तथा निर्देशन

बोलपत्र/ प्रस्तावदाताहरुले तपसिल बमोजिमको सूचना तथा निर्देशनलाई ध्यानमा राखी प्रस्ताव तयार गर्नु पर्नेछ ।

१.१ प्रस्ताव सम्बन्धी कागजात प्राप्त गर्ने स्थान, समय तथा दस्तुर :

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २०८३।०७।११ गते मध्यान्ह १२:०० बजे वा सो भन्दा अगाडी, चालु आर्थिक वर्षको लागि नविकरण भएको इजाजतपत्रको प्रमाणित प्रतिलिपि, माली , रनर , मेस्तर , सरसफाइकर्मी तथा अन्य सेवा आपूर्ति गर्न पाउने मान्यता प्राप्त संस्थाबाट प्राप्त सहमती पत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा तथा मू.अ.कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. ०८१/०८२ वा आ.व. ०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बैंकको नामः लक्ष्मी सनराइज बैंक लि. जनकपुर । **कार्यालयको नाम** : मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान **कार्यालय कोड नं.**:३७०००१७०२२**कार्यालय खाता नं.**: १६८१६९९५३६०११७०१ **राजस्व शीर्षक नं.** : १४२२९ मा रु ३,०००।-( तिन हजार मात्र), फिर्ता नहुने रकम जम्मा गरेको भौचर समेत संलग्न राखि Hard Copy BOQ खरिद गर्नु पर्नेछ ।

१.२ प्रस्ताव पेश गर्ने :

१.२.१ प्रस्तावदाताहरुले प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित सेवाको कार्य, क्षेत्रगत शर्त र कार्य विवरण, कानूनी ग्राह्यता, , प्राविधिक योग्यताका आधारहरु, आर्थिक प्रस्ताव सम्बन्धी कागजात तथा फारामहरुको ढांचा सम्झौताका शर्तहरु प्रस्तावसाथ पेश गर्नु पर्ने न्युनतम कागजातहरु अध्ययन गरी सोही प्रस्तावसम्बन्धी कागजातमा रहेका फारामहरुमा उल्लेखित विवरण तथा दररेट भरी प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

प्रस्तावदाताहरुले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा खामबन्दी गरेर उक्त दुवै सिलबन्द खामहरु एउटा ठूलो खाममा शिल बन्द गरी यस प्रतिष्ठानको कार्यालयमा निर्धारित समय अवधी भित्र दर्ता गराउनु पर्ने छ ।

१.२.२ बोलपत्रदाताले आफूले दाखिला गर्ने बोलपत्र सूचना प्रकाशित भएको मितिले मिति २०८३।०७।११ गत्ते दिनको १२:०० बजे भित्र धरौटी खाता नं.: १६८१६९९५४००११११०३ **खातावालाको नाम** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाम , **बैंकको नाम** : लक्ष्मी सनराइज बैंक लि. जनकपुरधाम, **कार्यालयको नाम**:- मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाम,**कार्यालय कोड** नं.: ३७०००१७०२२मा धरौटी रकम रु. २,५०,०००(अक्षेरुपी दुइ लाख पचास हजार मात्र ) जम्मा गरेको भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजत मान्यता प्राप्त वाणिज्य बैंकबाट यस प्रतिस्ठानको नाम बाट बोलपत्र खोलेको मिति बाट गणना हुनेगरी १२० दिन अवधि रहने गरी जारी भएको म्याद भएको बैंक ग्यारेन्टी (विड बोन्ड) वोलपत्रसाथ संलग्न राखी मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यालय जनकपुरधाममा Hard Copy **Bid Document** मा माग भएको सम्पूर्ण विवरणहरु उल्लेख गरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा शिलबन्द गरी पूनः उक्त दुइटा खामहरु एउटा ठूलो खाममा शिलबन्द गरी दर्ता गर्नु पर्ने छ ।

१.२.३ Power of Attorney तोकी लिखित रुपमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खोलिने दिनको १२:०० बजे वा सो भन्दा अगाडी अनिवार्य दर्ता गरिसक्नु पर्नेछ।निर्धारित समय भित्र आवस्यक सम्पूर्ण कागजातहरु सहित दर्ता नभएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१.२.४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खोलेको दिन सोही समयमा उक्त कार्य हुने छ ।

१.२.५. पेश हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको १४:०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलीने छ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

१.२.६. बोलपत्रदाताले Bill of Quantities (BOQ) का उल्लेखित सबै महलहरुमा दररेट अनिवार्य उल्लेखित गर्नुपर्ने छ । उपरोक्त बमोजिम Bill of Quantities (BOQ) का सबै आईटमहरुको दररेट नभरेको तथा नेपाल सरकारले तोके बमोजिम न्युनतम पारिश्रमिक तथा सेवा सुबिधा भन्दा कम कबोल रकम पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।

१.२.७ प्रस्तावमा देहायका कागजातहरु समावेश गर्नु पर्नेछ

(क) भाग "ग" १. वमोजिमको घोषणा पत्र

(ख) भाग "ग" २. बमोजिमको प्रस्तावदाताको विवरण

(ग) भाग "ग" ४ बमोजिमको प्रस्तावदाताले प्रस्ताव गरेको जनशक्तिको विवरण

(घ) प्रस्तावमा हस्ताक्षर गर्न अख्तियार प्राप्त व्यक्ति आफैले प्रमाणित गरेको प्रस्ताव साथ पेश गर्नुपर्ने प्रमाणित कागजातहरुको प्रतिलिपि

(ङ) आर्थिक प्रस्ताव पेश गर्ने निवेदन

१.२.८ पेश भएको प्रमाण/कागजात एवं विवरणहरु सारभुतरुपमा अपुरो वा फरक भएमा प्रस्ताव अप्रभावग्राही (Non Responsive ) मानिनेछ।

## १.३ प्रस्ताव पेश गर्ने तरिकाः

१.३१ प्रस्तावदाताले प्रस्ताव अनिवार्य रुपमा सूचना प्रकाशित भएको मितिले २२ औ दिनको १२:०० बजे वा सो भन्दा अगाडी यस प्रतिष्ठानको कार्यालयमा पेश गर्नु पर्नेछ।

१.३.२ एक प्रस्तावदाता फर्मले एक्कल वा संयुक्त उपक्रमको साझेदारको रुपमा एउटा मात्र प्रस्ताव पेश गर्न सक्नेछ। एक भन्दा बढी प्रस्ताव पेश गरेमा सो प्रस्तावदाता सहभागी भएको सबै प्रस्तावहरु रद्द हुनेछन् ।

## १.४ प्रस्ताव पेश गर्ने अन्तिम मिति र समयः

१.४.१ प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय देहाय वमोजिम हुनेछ

प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३।०७।११ गते

समय : मध्यान्ह १२:०० बजे वा सो भन्दा अगाडी

१.४.२ खण्ड (१.४.१) वमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन

## १.५ प्रस्ताव संशोधन वा फिर्ता

पेश गरेको प्रस्तावमा एकपल्ट मात्र संशोधन या फिर्ता गर्न पाइने छ। संशोधन वा फिर्ता गर्नु पर्ने भएमा सो व्यहोरा उल्लेख गरिएको निवेदन बोलपत्र दाखिला गर्ने अन्तिम दिनको मध्यान्ह १२:०० बजे वा सो भन्दा अगाडी यस प्रतिष्ठानको कार्यालयमा अनिवार्य दर्ता गराई सक्नुपर्ने छ। उक्त अवधि पश्चात् प्राप्त भएको निवेदन उपर कारबाही गरिने छैन ।

## १.६ प्रस्ताव मान्य रहने अबधिः

प्रस्तावदाताने पेश गरेको प्रस्तावको मान्य अवधि प्रस्ताव पेश गर्ने तोकीएको अन्तिम मिति देखि ९० (नब्बे) दिनसम्मको हुनेछ।

### १.७ प्रस्तावको जमानत जफत हुने अवस्था

प्रस्तावको जमानत देहायको अवस्थामा जफत हुनेछ ः-

(क) प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय पछि प्रस्ताव मान्य हुने अवधि भित्र प्रस्तावदाताले प्रस्ताव संशोधन गर्न वा फिर्ता गर्न माग गरेमा,

(ख) प्रस्तावमा देखिएको अंक गणितीय त्रुटी सच्याइएको कुरा प्रस्तावदाताले स्वीकार नगरेमा,

(ग) छनौट भएको प्रस्तावदाताले प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित शर्त बमोजिम खरिद सम्झौता नगरेमा,

(घ) प्रस्तावदाताले खरिद सम्झौता गर्ने म्याद भित्र प्रस्ताव सम्वन्धी कागजातमा कार्यसम्पादन जमानत दिन नसकेमा,

(ङ) प्रस्ताव परीक्षणको सिलसिलामा खरिदकर्ताले माग गरेको कुनै जानकारी दिदा प्रस्तावदाताले प्रस्तावको मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,

(च) प्रचलित कानून बमोजिम प्रस्तावदाताले आचरण विपरित काम गरेमा ।

### १.८ भाषा :

प्रस्तावदाताले नेपाली भाषामा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

### १.९ संयुक्त उपक्रम :

१.९.१ फर्म, कम्पनी वा संस्थाहरु मिलि संयुक्त उपक्रमको रुपमा नियमानुसार प्रस्ताव पेश गर्न सकनेछ।

१.९.२ संयुक्त उपक्रमको रुपमा प्रस्ताव पेश गरिने भएमा संयुक्त साझेदारीको तर्फबाट प्रस्तावमा हस्ताक्षर गर्न आधिकारीक रुपमा प्रमाणित गरिएको अख्तियारीनामा प्रस्तावसाथ संलग्न गर्नुपर्ने छ ।

१.९.३ खरिद सम्झौताको शर्तहरु अनुसार सम्झौता कार्यान्वयन गर्न संयुक्त उपक्रमको तर्फबाट प्रस्तावमा हस्ताक्षर गर्न तथा अन्य काम गर्न अख्तियारी दिनुपर्नेछ र निजले संयुक्त उपक्रमका सबै साझेदारहरु व्यक्तिगतरुपमा तथा समूहगतरुपमा जवाफदेही हुनेछन् ।

१.९.४ संयुक्त उपक्रमको नामबाट प्रस्ताव पेश गर्दा संयुक्त उपक्रमको नामबाट नै प्रस्ताव सम्बन्धी कागजात खरिद गरी प्रस्ताव पेश गर्नु पर्नेछ। प्रस्तावको जमानत संयुक्त उपक्रमका सबै साझेदारहरुको नाममा हुनुपर्ने छ ।

**१.१० प्रस्ताव खोल्नेः**

१.१०.१ प्रस्ताव खोलिने स्थान, अन्तिम मिति र समय देहाय बमोजिम हुनेछः

प्रस्ताव खोलिने स्थानः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको केन्द्रीय कार्यालय जनकपुरधाम

प्रस्ताव खोलिने अन्तिम मिति र समय :२०८३।०७।११ दिनको २ बजे

१.१०.२ प्रस्ताव खोल्दा प्रस्तावदाता आफै वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा प्रस्ताव खोलिनेछ । प्रस्तावदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन

**१.११ः- प्रस्ताव मुल्यांकनको तरिका**

प्रस्तावहरुको मूल्यांकन प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित आर्थिक प्रस्ताव र योग्यताका आधार तथा प्रस्ताव साथ संलग्न कागजातहरुको आधारमा गरिनेछ | प्राविधिक रूपले सारभूत रुपमा प्रभावग्राही ठहरिएको पस्तावदाताको आर्थिक प्रस्तावको मात्र आर्थिक मूल्यांकन गरिने छ |

१.११.१ मूल्यांकनका आधारहरु:-

- प्रस्तावदाता संस्था/कम्पनी/फर्म दर्ता भएको तथा नियमित रूपमा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
- सुरक्षा गार्ड आपूर्ति कार्य सञ्चालनका लागि श्रम कार्यालय वा सम्बन्धित आधिकारिक निकायबाट जारी गरिएको मान्य इजाजत/सहमति/स्वीकृति पत्र (नविकरण सहित) को प्रतिलिपि।
- मूल्य अभिवृद्धि कर (VAT) तथा स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
- आ.व. २०८१/८२ वा आ.व. २०८२/८३ सम्मको कर चुक्ता प्रमाणपत्र।
- प्रस्तावदाता सामाजिक सुरक्षा कोष (SSF) मा आबद्ध भएको प्रमाणपत्रको प्रतिलिपि।
- व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी अद्यावधिक प्रमाणपत्र (यदि अलग निकायमा दर्ता छ भने सो समेत)।
- माग भएका सेवा सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालय वा श्रम कार्यालयबाट प्राप्त इजाजत अद्यावधिक प्रमाणपत्र ।

- अधिकार प्राप्त निकायबाट जनशक्ति आपूर्ति गर्न पाएको अद्यावधिक स्वीकृति पत्र।
- सबै सेवाकर्मी नेपाली नागरिक हुनुपर्ने छ तथा उमेर २१ वर्ष पूरा भई ५८ वर्ष ननाघेको हुनुपर्नेछ।
- प्रस्तावदाताले विगत ३(तिन) आर्थिक बर्ष देखि निरन्तर रुपमा कम्तिमा १०० बेडको सरकारी अस्पताल वा सरकारबाट मान्यता प्राप्त १०० बेडको अस्पताल वा मेडिकल कलेजहरुमा न्युनतम १८ जना सेवा प्रदायक सप्लाई गरी सन्तोषजनक सेवा दिईरहेको कार्य अनुभव पेश गर्नु पर्ने |
- विगत तीन आर्थिक वर्षको औसत वार्षिक कारोबार (Average Annual Turnover) कम्तीमा रु.१ करोड हुनुपर्नेछ।
- प्रस्तावदाताको मुख्य/शाखा कार्यालय मधेश प्रदेशमा हुनु पर्ने र सो को प्रमाणको लागि घर धनि संग भएको घरभाडा सम्झौता पेश गर्नु पर्नेछ।
- सेवा प्रदायक बहाल गर्दा कुनै पनि फौजदारी अभियोगमा दोषी नठहरिएको स्वघोषणा (Self-declaration) सम्झौताको समयमा पेश गर्नुपर्नेछ।
- प्रस्तावित सेवा खरिद कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको, सम्बन्धित पेशा वा व्यवसायको कसुरमा सजाय नपाएको, कालोसूचीमा नपरेको भन्ने लिखित रुपमा पेश गरेको स्वघोषणा पत्र,
- प्रस्तावदाताले आफ्नो प्रतिनिधि राखेको भए निजलाई दिएको अख्तियारनामाको पत्र
- प्रस्तावदाताले श्रम ऐन, २०७४, सामाजिक सुरक्षा ऐन, २०७५ तथा श्रम सम्बन्धी प्रचलित अन्य कानुनहरूको पूर्ण पालना गर्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ।
- संयुक्त उपक्रम (JV) बनाई प्रस्ताव पेश गरेको भए संयुक्त उपक्रम सम्बन्धी सम्झौता पेश भएको हुनुपर्ने,
- प्रस्तावदाताले आपूर्ति गरिने जनशक्तिको तलब, भत्ता, सामाजिक सुरक्षा योगदान तथा अन्य सुविधा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक र प्रचलित कानुन बमोजिम उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको हुनुपर्नेछ।
- प्रस्तावमा हुने भिन्नताको मूल्यांकन :

  यदि परिमाणको मूल्य पत्रमा उल्लेखित कुनै कार्य (आईटम) को कूल रकम र सोहि आईटमको कार्य परिमाणलाई कवुल गरेको इकाई दरले हिसाब गर्दा फरक पर्न गएमा इकाई दरले हिसाब गर्दा फरक पर्न गएमा इकाई दरले परिमाणलाई गुणन गर्दा आउने रकमलाई नै ठिक मनी सच्याईने छ र प्रस्तावमा लेखिएको कूल मूल्य सोहि बमोजिम

संशोधन हुने छ | इकाई दरको आधारमा मूल्यांकन गरी अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ |

१.११.२ The Purchaser shall determine the Average Bid Price of all the substantially responsive Bids. The Bid Price which is closest to the Average Bid Price AND is not substantially higher than the cost estimate shall be selected for awarding the contract. In case two or more Bid Prices are determined to be equally closest to the Average Bid Price, the Bid Price which is below the Average Bid Price shall be selected for awarding the contract. दुई वा दुई भन्दा बढी न्युनतम कबुल गर्ने प्रस्तावदाताहरुको बोल अङ्क बराबर हुन आएमा न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही प्रस्तावहरुमध्ये गोला प्रथाबाट स्वीकृतीका लागि प्रस्ताब छनोट गरिनेछ ।

१.११.३ बोलपत्र प्रस्ताव उपर कारबाही नहुने :

क) प्रस्तावसाथ संलग्न हुनु पर्ने प्रमाणित तथा सक्कल कागजातहरु भनी उल्लेख भएकोमा उक्त कागजातहरु संलग्न नभएको ।

(ख) रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको,

(ग) सूचना तथा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए अनुसार संलग्न गर्नुपर्ने धरौटी रकम जम्मा नगरेको वा बैंक जमानत (बिड बण्ड) कागजात संलग्न नभएको,।

(घ) Bill of Quantities (BOQ) का कुनै वा सबै महलमा कबोल रकम उल्लेख नभएको ।

(ङ) बोलपत्र/प्रस्ताव सम्बन्धी सूचना तथा कागजातमा उल्लेख भए बमोजिमका कागजात पेश नभएको

(च) प्रस्तावदाताले आर्थिक प्रस्तावमा दररेट उल्लेख गर्दा नेपाल सरकारले तोकेको प्रतिव्यक्ति न्यूनतम मासिक ज्याला कामदारले पाउने सेवा सुविधाका सम्बन्धमा श्रम ऐन २०७४ को दफा ५८ (३) ले तोके बमोजिम) भन्दा कम पारिश्रमिक हुने गरि दररेट पेश गरेमा ।

## १.१२ कानूनी ग्राह्यताः

प्रस्तावदाताले प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएको ढाँचामा विवरणहरु भरी देहायका प्रमाण कागजातहरु प्रस्तावसाथ पेश गर्नु पर्नेछ :

(क) फर्म, संस्था वा कम्पनीले माथि उल्लेखित सेवा आपूर्ति गर्न पाउने ईजाजत पत्र (आधिकारिक संस्थावाट आपूर्ति सम्बन्धी कार्यका लागि चालू आर्थिक वर्षका लागि अद्यावधिक नविकरण भएको ईजाजतपत्र) को प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने र श्रम ऐन २०७४ तथा नियमावली २०७५ बमोजिम सामाजिक सुरक्षाकोषमा अनिवार्य दर्ता हुनुपर्नेछ ।

(ख) उपरोक्त सेवा आपूर्ति गर्न पाउने मान्यता प्राप्त संस्थाबाट प्राप्त सहमती पत्रको प्रमाणित प्रतिलिपि,

(ग) मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) आर्थिक बर्ष २०८१/०८२ वा २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र प्रस्तावदाताले निजको व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भन्ने सम्बन्धमा सम्बन्धित फर्म, संस्था वा कम्पनीको लेटर प्याडमा लिखित रुपमा घोषणा गरेको पत्र ।

### १.१३ प्रस्तावको पूर्णताको परीक्षणः

प्रस्तावको पूर्णताको परीक्षण गर्दा देहाएका प्रस्तावहरु पूर्ण भएको मानिनेछ :-

(क) प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भएको,

(ख) प्रस्तावदाताले आफ्नो प्रतिनिधि राखेको भए निजलाई दिएको अख्तियारनामाको कागजात पेश भएको,

(ग) संयुक्त उपक्रम बनाई प्रस्ताव पेश गरेको भए संयुक्त उपक्रम सम्बन्धी सम्झौता पेश भएको हुनु पर्ने छ ।

(घ) प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, समयावधि र रकमको जमानत प्रस्ताव साथ संलग्न भएको,

(ङ) प्रस्तावदाताको योग्यता तथा प्रस्तावमा उल्लेखित अन्य विवरणहरु पुष्ट्याई गर्ने आवश्यक कागजातरु पेश भए नभएको ।

१.१४ प्राविधिक पक्ष (अनुभव र योग्यता) को मूल्यांकनः

(क) प्राविधिक प्रस्ताव छुट्टै एउटा खाममा शिलबन्द हुनु पर्ने छ ।

(ख) विगत ३(तिन) आर्थिक बर्ष देखि निरन्तर रुपमा कम्तिमा १०० बेडको सरकारी अस्पताल वा सरकारबाट मान्यता प्राप्त १०० बेडको अन्य अस्पतालमा न्युनतम १८ जना माथि उल्लेखित सेवा दिने सेवा प्रदायक सप्लाई गरी सन्तोषजनक सेवा दिईरहेको कार्य अनुभव पेश गर्नु पर्नेछ ।

(ग) सेवा प्रवाह गर्ने सेवाकर्मी आपूर्तिकर्ता फर्म, संस्था वा कम्पनिको संगठनिक तालिका अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

(घ) माग गरिएको Valid कागजातहरु अनिवार्य पेश गरेको हुनु पर्ने छ ।

(ङ) प्रविधिक मूल्यांकणबाट योग्य ठहरिएका सारभूत रुपमा प्रभावाग्रही प्रस्तावहरुको मात्र आर्थिक मूल्यांकण गरिनेछ ।

प्राविधिक पक्षको मूल्यांकन गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको मूल्यांकन प्रक्रिया, योग्यताको आधार तथा प्रस्तावसाथ संलग्न गर्नुपर्ने फर्म/संस्था/कम्पनीको उम्मेदवारको वैयक्तिक विवरणहरुलाई समेत ध्यानमा राखी तयार गर्नुपर्नेछ ।

| क्र.सं. | प्राविधिक मूल्यांकनको आधार | अङ्क भार | प्राप्त हुने अङ्कको आधार | प्राप्तांक |
|---|---|---|---|---|
| १ | ३ वटा सरकारी अस्पताल,मेडिकल कलेज वा सरकारद्वारा मान्यता प्राप्त अस्पतालमा माली, रनर, सफईकर्मी , मेस्तर इत्यादी आपुर्ति गरेको संख्या | २० | प्रति संस्था कम गरेको कर्मचारी संख्या ३० भन्दा माथि | २० |
| | | | प्रति संस्था कम गरेको कर्मचारी संख्या २० देखि ३० सम्म | १५ |
| | | | प्रति संस्था कम गरेको कर्मचारी संख्या | १० |

| | | | | |
|---|---|---|---|---|
| | | | ६ देखि २० सम्म | |
| २ | सरकारी अस्पताल,मेडिकल कलेज वा सरकारद्वारा मान्यता प्राप्त अस्पतालमा माली, रनर, सफईकर्मी,मेस्तर इत्यादी आपूर्ति निरन्तर गरेको समय अवधि अनुभव | २० | ३ वर्ष भन्दा बढीको अवधी | २० |
| | | | २ वर्ष भन्दा बढीको अवधी | १५ |
| | | | १ वर्ष भन्दा बढीको अवधी | १० |
| ३ | सरकारी अस्पताल,मेडिकल कलेज वा सरकारद्वारा मान्यता प्राप्त अस्पताल परिसर मा माली, रनर, सफईकर्मी , मेस्तर इत्यादी सेवा गरेको अनुभव | २० | १० वर्ष भित्र कम्तीमा ३०० शैया अस्पताल ,मेडिकल कलेजमा काम गरेको | २० |
| | | | १० वर्ष भित्र कम्तीमा २०० शैया अस्पताल ,मेडिकल कलेजमा काम गरेको | १५ |
| | | | १० वर्ष भित्र कम्तीमा १०० शैया अस्पताल ,मेडिकल कलेजमा काम गरेको | १० |
| ४ | कम्पनी तथा फर्मले बिगत ३ आर्थिक वर्ष को औषत आर्थिक कारोबार र सो वर्षहरुमा आन्तरिक राजस्व कार्यालयमा पेश गरेको लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ | १० | रु. १ करोड भन्दा माथि | १० |
| | | | रु. ८० लाख भन्दा माथि | ७ |
| | | | रु. ७० लाख भन्दा माथि | ५ |
| ५ | हाल सम्म सामाजिक सुरक्षा कोषमा सहभागी गराईएका कामदारहरुको संख्या | १५ | ३० भन्दा माथि | १५ |
| | | | २५ भन्दा माथि | ११.२५ |
| | | | १८ वा १८ भन्दा माथि | ७.५ |
| ६ | फर्म, कम्पनी, प्रोप्राईटर वा संचालकको नाममा दर्ता रहेको सवारी साधनहरुको ब्लुबुक (कर,डेलिभरी भ्यान भएको । रिन्यू भएको प्रमाण समेत पेश गर्नु पर्ने छ । | ५ | ३ वटा वा सो भन्दा बढी | ५ |
| | | | २ वटा | ३.३३ |
| | | | १ वटा | १.६६ |

| | | | | |
|---|---|---|---|---|
| ७ | ISO **सर्टिफाइड तथा नवीकरणभएको** | १० | ISO **सर्टिफाइड भएको** | १० |
| **प्राविधिक मूल्यांकनमा कम्तीमा ५०% अंक प्राप्त गर्ने प्रस्तावदाताको मात्र आर्थिक प्रस्तावको खाम खोलिने र मूल्यांकन गरिने छ ।** | | | | |

**१.Joint भेन्चरको हकमा हरेक साझेदारको कारोबार रकम, कर दाखिला गरेको रकम र हाल सम्म सुरक्षाकर्मीहरुको सामाजिक सुरक्षकोषमा सहभागी गराईएको सुरक्षाकर्मीहरुको संख्याको हकमा जम्मा माग गरिएको रकम वा संख्याको कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ ।**

**२. माथिका सन्दर्भ सूची अन्तर्गतका मूल्यांकनका आधारहरुका सम्बन्धमा प्रदान गरिएका जानकारीहरुको प्रमाणीत प्रतिलिपीहरु अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । सो सम्बन्धी कुनै पनि विवरण तथ्यगतरुपमा झूठा वा सारभूत रुपमा अपुरो भएको पाईएमा प्रतिष्ठानले कुनै पनि समयमा त्यस्तो बोलपत्रदाता वा प्रस्तावदातालाई अयोग्य ठहर्याउन सक्ने छ ।**

१.१५ आर्थिक पक्षको मूल्यांकनः

(क) प्राविधिक प्रस्तावको मूल्यांकनबाट योग्य ठहरिएका सारभूत प्रभावाग्रही प्रस्तावहरुको मात्र आर्थिक मूल्यांकन गरिने छ ।

(ख) आर्थिक पक्षको मूल्यांकन मूल्य अभिवृद्धि कर सहित गरिनेछ।लागत अनुमानको ३०% भन्दा बढी घटेर र लागत अनुमान भन्दा बढी हुने गरी पेश हुन आएको आर्थिक प्रस्तावलाई सारभूतरुपमा प्रभावग्राही मानिने छैन ।

(ग) प्रस्तावदाताको आर्थिक पक्षको मूल्यांकन Average प्रणालीको आधारमा गरिने हुँदा बुँदा न. १.११(बोलपत्र प्रस्तावको मूल्यांकनको तरिका) मा उल्लेख भए बमोजिमका कागजातहरुको परिक्षण पश्चात उक्त प्रस्तावमा सारभूतरुपमा प्रभावग्राही भएको प्रस्तावदाताहरु मध्ये तोकिएको पारिश्रमिक तथा सेवा सुविधामा घटी नहुने गरी लागत अनुमानको सबै भन्दा नजिक रहेको रकम कबोल गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्न छनौट गरिनेछ। The Purchaser shall determine the Average Bid Price of all the substantially responsive Bids. The Bid Price which is closest to the Average Bid Price AND is not substantially higher than the cost estimate shall be selected for awarding the contract. In case two or more Bid Prices are determined to be equally closest to the Average Bid Price, the Bid Price which is below the Average Bid Price shall be selected for awarding the contract. दुई वा दुई भन्दा बढी प्रस्तावदाताहरुको

कबोल अङ्क बराबर हुन आएमा ती प्रस्तावदाताहरु मध्ये गोला प्रथाबाट स्वीकृतीका लागि प्रस्ताब छनोट गरिनेछ ।

१.१६ **पत्राचारको ठेगाना :** प्रस्तावदाताले प्रस्ताव साथ निजलाई पत्र व्यवहार गर्न सजिलो हुने ठेगाना जिल्ला ,म.न.पा./न.पा./गा.पा./वा.नं./रोड नं./घर नं,/फोन नं./मोबाइल नं., e-mail id. **सबै** प्रष्ट उल्लेख गरेको हुनु पर्नेछ ।

**१.१७ प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार**

(क)दाखिला भएका प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ ।

**१.१८ प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिने :**

(क)प्रस्ताव स्वीकृत गर्नु अघि प्रतिष्ठानले सारभूतरुपमा प्रभावग्राही भएको र न्यूनतम मूल्यांकित रकम कबोल गर्ने प्रस्तावदातालाई निजको प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिई सोको लिखित जानकारी प्रस्ताव पेश गर्ने अन्य प्रस्तावदाताहरुलाई समेत दिईनेछ ।

**१.१९ पुनरावलोकन सम्बन्धि व्यवस्था**

(क) प्रतिष्ठानले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै प्रस्तावदाताले त्यस्तो त्रुटी वा निर्णयको पुनरावलोकनका लागि प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिएको सात (७) दिन भित्र सम्बन्धित सार्वजनिक निकायका प्रमुख समक्ष कुन काम गरेको वा नगरेको कारणले त्यस्तो त्रुटी हुन गएको हो वा कर्तव्य पालना नभएको हो र त्यस्तो निर्णय कुन ऐन वा नियम वा निर्देशिकाको कुन प्रावधान विपरित छ भन्ने कुरा स्पष्टरुपमा खुलाई निवेदन दिन सक्नेछ ।

**१.२०ः प्रस्ताव स्वीकृत गर्ने, सोको जानकारी दिने र सम्झौता गर्ने :**

(क) पुनरावलोकनको लागि कुनै पनि प्रस्तावदाताले निवेदन नगरेमा छनौट भएको प्रस्तावदाताको प्रस्तावको मान्य अवधि भित्र स्वीकृत गरी निजलाई नियमानुसारको कार्य सम्पादन जमानत दाखिला गरी पन्ध्र (१५) दिन भित्र खरिद सम्झौता गर्नको लागि सूचना दिईनेछ ।कार्य सम्पादन जमानत दाखिला गरी प्रस्तावदाता सम्झौता गर्न नआएमा निजको प्रस्तावको जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी निज संग खरिद सम्झौता गरिनेछ ।

**१.२१ः आचरण :**

प्रस्तावदाताले सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको आचरणहरु पालना गर्नु पर्नेछ । आचरण पालना नभएमा उल्लेखित कानूनको आधारमा कारबाही हुनेछ ।

**१.२२ कालो सुचीमा राख्ने :**

प्रस्तावदाताले यस प्रस्तावसम्बन्धी कागजात बमोजिम प्रस्ताव दर्ता गरी मूल्यांकन पश्चात सार्वजनिक निकायले प्रस्ताव स्वीकृतिकोलागि आशय पत्र जारी गरे पछि कार्य सम्पादन जमानत राखी वा नराखी सम्झौता गर्न नआएमा वा सम्झौता पछि सम्झौता अनुसार कार्य नगरेमा वा खरिद ऐनमा उल्लिखित आचरणहरु पालना नगरेमा खरिद ऐन तथा नियमावलीको प्रक्रिया र व्यवस्था अनुसार कालो सूचीमा राखी कारबाही गरिनेछ ।

# प्रस्ताव सम्बन्धि फारामहरु र आर्थिक प्रस्ताव

प्रस्ताव पेश गरेको निवेदन

(प्रस्तावादताको लेटर प्याडमा)

श्री मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल
जनकपुरधाम ।

विषयः प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महाशय,

तल हस्ताक्षर गर्ने म/हामीले, प्रस्ताव सम्बन्धी कागजातको अध्ययन गरी, प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको माली, रनर, सफाईकर्मी , मेस्तर इत्यादी सेवा प्रदान गर्न जम्मा रु. अंक र अक्षरमा उल्लेख गरी आर्थिक प्रस्ताव एउटा शिलबन्द खाम (खाम माथि आर्थिक प्रस्तावको खाम लेखेर), प्राविधिक प्रस्ताव एउटा छुट्टै खाममा शिलबन्द गरी (खाम माथि प्राविधिक प्रस्तावको खाम लेखेर), उपरोक्त दुवै शिलबन्द खामहरु एउटा अर्को खाममा राखी शिलबन्द गरी प्रस्तावदाताको नाम, ठेगाना, सम्पर्क नं. E-mail **ठेगाना**, पत्राचार गर्ने ठेगाना फर्मको दर्ता नं. इत्यादी विवरण उल्लेख गरी पेश गरेकाछौ। प्राविधिक प्रस्तावको मूल्यांकणबाट योग्य सारभूत रुपमा प्रभावग्राही प्रस्तावहरु मात्र आर्थिक प्रस्ताव खोल्न योग्य हुने र प्राविधिक रुपमा योग्य सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुले पेश गरेको आर्थिक प्रस्तावहरुको मात्र मूल्याँकन हुने जानकारी पनि म/हामी यस Bid documents बाट थाहा पाई यो प्रस्ताव पेश गरेका छौं |

हाम्रो प्रस्ताव स्वीकृत भएमा, कार्य क्षेत्रगत शर्तहरु तथा कार्य विवरणहरुमा उल्लिखित सेवाहरु सोही कार्यक्षेत्रगत शर्तहरु तथा कार्यविवरणहरुको अधिनमा रही प्रदान गर्नेछौ ।

प्रस्ताव खोलेको मितिवाट ९० दिनसम्मको लागि यो प्रस्ताव मान्य हुने कुरामा हाम्रो मंजूरी छ र यो अवधिभित्र कुनै पनि समय खरिदकर्ताले यो दरभाउपत्रलाई स्वीकार गरेमा हामीलाई मान्य हुनेछ ।

हाम्रो प्रस्ताव स्वीकृत भएमा खरिदकर्ताले तोके अनुसार करार पूरा गर्ने हाम्रो प्रतिवद्धता स्वरुप कार्य सम्पादन जमानत पेश गर्नेछौं ।

औपचारिक रुपमा करार सम्झौतामा हस्ताक्षर नभएसम्मको लागि आशयको सूचना र प्रस्ताव स्वीकृतको पत्र सहित यो प्रस्ताब संयुक्त रुपमा हाम्रो लागि एक बाध्यकारी करार हुनेछ ।
न्यूनतम कबोल अङ्क भएको वा अन्य कुनै पनि प्रस्ताव स्वीकार गर्न तपाँई बाध्य हुनुहुन्न भन्ने पनि हामीलाई थाहा छ ।
प्रस्तावित खरिद कारवाहीमा भाग लिन कुनै कानूनले अयोग्य छैन/छैनौ। काली सूचीमा परी कारोवार गर्न अयोग्य भएको छैन/छैनौ । मैले हामीले गर्ने पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय पाएको छैन/छैनौ । प्रस्तावित खरिद कारवाहीमा मेरो/हाम्रो कुनै स्वार्थ बाझिएको छैन ।

**हाम्रो फर्म, संस्था वा कम्पनी सम्बन्धी विवरण देहाय वमोजिम रहेको छः**

**फर्म संस्था वा कम्पनीको नाम :**

**मुख्य कार्यालय रहेको स्थानः**

**मुख्य व्यक्तिको नाम, पद र सम्पर्क नं.**

**टेलिफोन/मोबाईल नं.**

हस्ताक्षरः

फर्मकोछापः

## माली/रनर/मेस्तर/सरसफाईकर्मी तथा अन्य सेवा करारबाट लिने सम्बन्धी प्राविधिक प्रस्ताव

(सेवा प्रदायकको लेटर प्याडमा)

मितिः......................................

श्री मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल
जनकपुरधाम।

बिषयः प्राविधिक प्रस्ताव पेश गरेको ।

महाशय,
तल हस्ताक्षर गर्ने म/हामीले clause १.१२, १.१३ र १.१४ मा उल्लेख भएका प्राविधिक प्रस्ताव सम्बन्धी कागजातहरु एवं उल्लेख कानूनी ग्राह्यता र प्राविधिक पक्षको मूल्यांकन लगायत प्राविधिक प्रस्ताव संग आकर्षित हुने अन्य clause **हरु** अध्ययन गरी सुरक्षा सेवा प्रदान गर्न प्राविधिक प्रस्ताव सम्बन्धी देहायका आवश्यक कागजातहरु खामबन्द गरी प्राविधिक प्रस्ताव पेश गर्दछौं ।माग भएक सम्पूर्ण कागजातहरु संलग्न नभएको अवस्थामा मेरो प्रस्ताव अस्विकृत भए मलाई कुनै आपत्ती नहुने र कँही कतै उजुर बाजुर नगर्ने/नगराउने , गरे पनि यसै प्रतिवाद्धताको आधारमा बदर हुने मन्जूर गरी यो प्रतिबद्धता जाहेर गर्दछु ।
संलग्न कागजातहरु :

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.

आधिकारिक व्यक्तिको हस्ताक्षरः                    मितिः

कम्पनी/संस्था/फर्मको छापः

**माली/रनर/मेस्तर/सरसफाईकर्मी तथा अन्य सेवा करारबाट लिने सम्बन्धी आर्थिक प्रस्ताव**

(सेवा प्रदायकको लेटर प्याडमा)

मितिः.......................................

श्री मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल
जनकपुरधाम।

बिषयः आर्थिक प्रस्ताव पेश गरेको ।

महशय,

तल हस्ताक्षर गर्ने म/हामीले, प्रस्ताव सम्बन्धी कागजातको अध्ययन गरी, प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको माली, रनर, सफईकर्मी , मेस्तर इत्यादी सेवा प्रदान गर्न देहाय बमोजिमको आर्थिक प्रस्ताव पेश गर्दछौं ।

देहाय :

सूचना नं.

सूचना मिति :

आर्थिक प्रस्तावको विवरण :

| S. N. | Particulars | Quantity | Unit | Month | Minimum Monthly Salary & benefits as per Ministry of Youth, Labor and Employment (Per Labor) | Yearly (१२ month) Salary & benefits as per Ministry of Youth, Labor and Employment (Per Labor) | Total Salary for (30 Persons12 month) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| १ | माली/रनर/मेस्तर/सरसफाइकर्मी तथा अन्य सेवा | ३० | No | १२ | | | | |
| | | | | **Sub-Total)** | | | | |
| | Overhead Cost ( not >5%) of sub total | | | | | | | |
| | **Total Amount** | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **Taxable Amount Among total Amount** | | | | |
| | **VAT 13%** | | | | |
| | **GRAND TOTAL AMOUNT INCLUDING VAT** | | | | |

**नोटः-** (Overhead Cost) व्यवस्थापन खर्च वापतको रकममा सेवा प्रदायकको आफ्नो व्यवस्थापन खर्च, कामदारलाई भैपरि रुपमा उपलब्ध गराउनु पर्ने किरिया विदा, सुत्केरी बिदा लगायत श्रम ऐनले तोकेका अन्य विदा सुविधाहरुको लागि हुने खर्च, उपलब्ध गराउन पर्ने, पोशाक (वार्षिक), परिचय पत्र, रेनकोट, टर्च लाईट, गमबूट,हसिया,कोदालो,कुटो, ब्रस लगायत प्रचलित श्रम ऐन र नियमावली बमोजिमका सम्पूर्ण सेवा उपलव्ध गराउनु पर्ने भएकोले व्यवस्थापन खर्च वापत कबोल गरेको रकमबाट सेवा प्रदायकले कामदारहरुको लागि अनिवार्य रुपमा उपरोक्त अनुसारका सुविधाहरु उपलब्ध गराउनु पर्ने हुँदा सोही अनुसार आँकलन गरि लागत प्रस्ताव पेश गर्नु पर्नेछ ।

फर्म संस्था वा कम्पनीको नाम :

मुख्य कार्यालय रहेको स्थानः

मुख्य व्यक्तिको नाम, पद र सम्पर्क नं.

टेलिफोन/मोबाईल नं.

ईमेल :

हस्ताक्षरः

छापः

## अनुसूची १

### प्रस्तावदाताको विवरण सम्बन्धी फारम

(प्रस्तावदाताले यो फारम भर्नु पर्नेछ । यो फारममा कुनै पनि परिवर्तन गर्न पाईने छैन र यो फारमको सट्टा अर्को कुनै पनि फारम स्वीकार गरिने छैन । संयुक्त उपक्रम भएको खण्डमा, संयुक्त उपक्रमका प्रत्येक सदस्यले यो फारम छुट्टाछुट्टै भरी, आ आफ्नो विवरण पेश गर्नु पर्नेछ ।)

मितिः...............................................

| | | |
|---|---|---|
| १. | प्रस्तावदाताको नामः | |
| २. | प्रस्तावदाताको ठेगानाः | |
| ३. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता गरेको देशः | |
| ४. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता गरेको सालः | |
| ५. | प्रस्तावदाताको फर्म/कम्पनी दर्ता गरेको ठेगानाः | |
| ६. | प्रस्तावदाताको आधिकारिक प्रतिनिधिको विवरणः<br>नामः<br>ठेगानाः<br>टेलिफोन/मोईबाल नं.<br>ईमेलः | |
| ७. | प्रस्तावदाताको टेलिफोन/मोईबाल नं. | |
| ८. | प्रस्तावदाताको ईमेलः | |

आधिकारिक व्यक्तिको हस्ताक्षरः

मितिः

कम्पनी/संस्था/फर्मको छापः

हस्ताक्षरः

छाप

# अनुसूची २

## संयुक्त उपक्रमको विवरण सम्बन्धी फारम

| | | |
|---|---|---|
| मुख्य साझेदार | संयुक्त उपक्रमको मूख्य साझेदारको नामः<br>मुख्य साझेदारको शेयरको हिस्साः<br>फर्म कम्पनी दर्ता गरेको स्थानः<br>व्यवसाय दर्ता गरेको स्थानः<br>साझेदारीमा हिस्साको प्रतिशतः | |
| सदस्य | संयुक्त उपक्रमको सदस्यको नामः<br>साझेदार सदस्यको शेयरको हिस्साः<br>फर्म/कम्पनी दर्ता गरेको स्थानः<br>व्यवसाय दर्ता गरेको स्थानः<br>साझेदारीमा हिस्साको प्रतिशतः | |
| सदस्य | संयुक्त उपक्रमको सदस्यको नामः<br>साझेदार सदस्यको शेयरको हिस्साः<br>फर्म/कम्पनी दर्ता गरेको स्थानः<br>व्यवसाय दर्ता गरेको स्थानः<br>साझेदारीमा हिस्साको प्रतिशतः | |

आधिकारिक व्यक्तिको हस्ताक्षरः मितिः

कम्पनी/संस्था/फर्मको छापः

हस्ताक्षरः

छाप

## अनुसूची ३(क)

## औषत बार्षिक कारोवार सम्बन्धि फाराम

यस अन्तर्गत दिईने जानकारी सम्बन्धित वर्ष सेवाग्राहीका चालू कार्य वा सम्पन्न भएका कार्यका लागि जारी भएका बिल अनुसारको रकमको बार्षिक कारोबार नेपाली रुपैयाँमा हुनु पर्नेछ ।

| विगत तीन बर्षको वार्षिक कारोबार | |
|---|---|
| वर्ष | रकम (ने. रु.) |
| | |
| | |
| | |
| औसत बार्षिक कारोबार | |

**नोटः**-प्रस्तावदाताले विगत तिन (३)आर्थिक बर्षको Audit Report /Income Statement वा कर चुक्ता प्रमाणपत्रको प्रतिलिप पेश गर्नु पर्ने छ।

आधिकारिक व्यक्तिको हस्ताक्षरः

मितिः

कम्पनी/संस्था/फर्मको छापः

हस्ताक्षरः

छाप

## अनुसूची ३(ख)

## विशेष अनुभव सम्बन्धी फाराम-१

| क्र.स. | आर्थिक बर्ष | कामको विवरण (कामदारको संख्या सहित) | काम गरेको कार्यालयको नाम ठेगाना र फोन नं. | काम गरेको अवधि | | |
|---|---|---|---|---|---|---|
| | | | | शुरु गरेको मिति | सम्पन्न गरेको मिति | भुक्तानी प्राप्त कूल रकम (मु.अ.कर सहित) |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

द्रष्टब्यः यस तालिकामा उल्लेखित प्रत्येक कामको लागि काम गरेको सम्बन्धित निकायबाट काम गरेको प्रमाणको प्रतिलिपि प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

आधिकारिक व्यक्तिको हस्ताक्षरः

मितिः

कम्पनी/संस्था/फर्मको छापः

हस्ताक्षरः

छाप

अनुसूची ४

## ९. प्रस्तावित जनशक्तिको विवरण यस ढांचामा राख्नु पर्नेछः

| क्र.स. | प्रस्तावित जनशक्ति सम्बन्धमा | संख्या (जना) | कैफियत |
|---|---|---|---|
| १. | रनर/माली/ मेस्तर/ सरसफाइकर्मी तथा अन्य सेवा | | |
| | **जम्मा** | | |

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

२०७७